# वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(प्रशासन, योजना तथा अनुगमन शाखा)
कर्णाली प्रदेश, नेपाल
वीरेन्द्रनगर, सुर्खेत

☎०८३-५२०१४४
०८३-५२१८४९
०८३-५२०७५०

पत्र संख्याः ०७५।०७६
चलानी नं. ३५०१

मितिः २०७६/०३/०५

श्री वडा समितिको कार्यालय (सबै)
..... नं वडा कार्यालय,वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

**विषय : योजना छनौट तथा प्राथमिकीकरण गरि पठाउने सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आगामी आ.व.२०७६/०७७ का लागि वजेट योजना तथा कार्यक्रम स्वीकृत गर्ने नगर सभा आगामी अषाढ १० गते भित्र संचालन गर्ने क्रममा स्थानिय तहको वजेट योजना तर्जुमा दिग्दर्शन २०७४को दफा ५.४ वमोजिम गर्नु पर्ने वाड तहमा योजना छनौट तथा प्राथमिकिकरण नगर कार्यपालिकावाट स्वीकृत मार्गदर्शन तथा वजेट सिलिड. वमोजिम २०७६ अषाढ ८ गते विहान ११ बजे भित्र यसै पत्र साथ संलग्न ढांचामा पठाउन अनुरोध गरिन्छ ।

निम्न :

१, प्रति वडा रु १,५०,०००००। (एक करोड पचास लाख मात्र) वडा स्तरीय वजेट सिलिड.को परिधि भित्र रहि वडा स्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

२, पूर्व पत्राचार वमोजिम वस्ती स्तरवाट संकलित योजना तथा कार्यक्रमहरुका आधारमा वडालाई तोकिएको वजेट सिलिड.को परिधि र आगामी आ.व.०७६।७७ का लागि प्रस्तावित नीति भित्र रही वडा समितिले संलग्न अनूसूचि ४ वमोजिमको ढांचामा क्षेत्रगत योजना तथा कार्यक्रमको विवरण पठाउनु पर्ने ।

३, योजना तथा कार्यक्रम छनौट गर्दा आगामी आ.व.लाई शैक्षिक वर्षका रुपमा विकास गर्ने नीति रहेकाले वडावाट पठाउने पूजिगत योजना तथा कार्यक्रममा न्यूनतम् रु१०,०००००। वरावरको योजना शैक्षिक पूर्वाधार विकास योगदान र त्यस वडामा रहेका वाल शिक्षाका सहयोगी कार्यकर्ताहरुका लागि मासिक रु१०००। प्रोत्साहन र वार्षिक रु५,०००। पोषाकका साथै प्रत्येक विद्यालयमा कार्यरत न्यूनतम् तलव स्केल नपाएका कम्तीमा १ जना विद्यालय कर्मचारीलाई मासिक रु१०००। प्रोत्साहन र वार्षिक रु ५०००। पोषाक लागि समेत उपलब्ध वजेट सिलिड. वा आन्तरिक आयवाट अनिवार्य कार्यक्रम छनौट गरि पठाउनु पर्नेछ। (फर्मेट यस न.पा.को Website: www.birendranagar.mun.gov.np) मा हेर्न समेत सकिनेछ ।

४, नगरपालिकावाट स्वीकृत वजेट सिलिड.वाट पूर्वाधार तर्फका योजना छनौट गर्दा प्रत्येक वडामा कम्तीमा १ वटा रु.३०,००,०००। (तीस लाख मात्र) को नगर वडा गौरव योजना छनौट गर्नु पर्नेछ । नयां योजनाहरु रु १०,०००००। (दश लाख मात्र) भन्दा साना नराख्ने र क्रमागत, मर्मत सम्भार तथा विविध वाहेकका योजना तथा कार्यक्रमहरु ३,००,०००। (तिन लाख मात्र) भन्दा साना वनाउन पाइने छैन ।

५, आगामी आ.व.०७६।७७ को योजना तर्जुमा गर्दा गत नगर सभावाट स्वीकृत योजना तथा कार्यक्रमको २०७६ जेष्ठ मसान्त सम्मको कार्यान्वयन अवस्थाको समिक्षा गरि पूर्व प्रेशित अनुसूचि वमोजिमको ढांचामा चालू आ.व.को महत्वपूर्ण उपलब्धीहरु उल्लेख गरि पठाउने ।

६, वडाको आन्तरिक आयवाट संचालन हुने योजना, कार्यक्रम तथा प्रशासनिक खर्चको प्रस्तावित विवरण छुट्टै पेश गर्नु पर्नेछ ।

७, योजना तथा कार्यक्रम छनौट गर्दा सलग्न नीतिले समेट्ने विषयमा छनौट गर्नु पर्नेछ, वडा समितिले नै गर्ने भनि नीतिमा उल्लेख भएका विपयमा वडावाट कार्यक्रम अनिवार्य समावेश गराउनु पर्नेछ ।

८, माथि उल्लेखित विवरणहरु तोकिएको म्याद भित्र नै डिजिटल प्रति सहित नगर कार्यपालिकाको कार्यालयमा पठाउने व्यवस्था मिलाउन वडा समितिको कार्यालयले वढीमा २ जना कर्मचारीलाई ३ दिन सम्म कार्यालय समयका अतिरिक्त समय समेत काम गर्न लगाउन सकिनेछ ।

बोधार्थ
श्री आर्थिक प्रशासन शाखा
वी.न.न.पा. सुर्खेत ।

.................................
टिकाराम ढकाल
प्रमुख प्रशासकिय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner